# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।१७ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी टंक बहादुर नेगीसमेत रहेको गैरकानूनी लाभ वा हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला धादिङ, **रुवीभ्याली गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत टंक बहादुर नेगी** समेतका प्रतिवादी उपर आ.व. २०७६/०७७ मा धादिङ जिल्ला, रुवीभ्याली गाउँपालिकामा संचालित बिभिन्न योजनाहरुमा पागोमा देखि स्कुलसम्म सडक निर्माणको योजनामा इष्टिमेट अनुसारको फिल्डमा काम नभएको र फिल्डमा नभएको काम भएको भनी नापी किताब कार्यसम्पन्न प्रतिवेदन तयार गरी बढी भुक्तानी दिएको स्थापित भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा बिगो रु.१०,८९,९८९।५८ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगो असुल उपर हुन एवं सोही ऐनको दफा १९ को उपदफा (२) तथा दफा ८ को उपदफा (४) बमोजिमसमेत सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।१०।२९ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८२।०८।१६ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल